शिवालय गाउँपालिकाको आर्थिक ऐन, २०८३

शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०          संख्याः १          २०८३ श्रावण ०७

## भाग-१

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

**संवत् २०८३ सालको ऐन नं. १**

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०३।०९

**प्रस्तावनाः** शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न, स्थानीय कर, शुल्क, दस्तुर तथा अन्य राजस्व संकलन गर्ने, कर तथा शुल्कमा छुट दिने, राजस्व प्रशासनलाई व्यवस्थित गर्ने तथा स्थानीय राजस्व परिचालन सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम शिवालय गाउँपालिकाको अठारौं गाउँसभाले यो ऐन बनाएको छ।

शिवालय गाउँपालिकाको आर्थिक ऐन, २०८३

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"शिवालय गाउँपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि शिवालय गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा तथा सो जग्गामा निर्मित भौतिक संरचनालाई एकीकृत रूपमा मूल्याङ्कन गरी सम्पत्ति कर लगाइने र असुलउपर गरिनेछ। तर, गुठी तथा सरकारी जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर **अनुसूची–१** बमोजिम हुनेछ।

(३) यस दफाबमोजिम सम्पत्ति कर निर्धारण गर्दा घरजग्गाको क्षेत्रफल, प्रकार, बनावट, उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिक अवस्था, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्यसमेतलाई आधार मानी करको दर निर्धारण गरिनेछ।

(४) यस दफा बमोजिम लगाइने सम्पत्ति कर पहिलो चौमासिक भित्र बुझाएमा लाग्ने करको १० प्रतिशत छुट दिइने छ। अघिल्लो आर्थिक वर्षको बक्यौता सम्पत्ति कर चालु आर्थिक वर्षको पहिलो चौमासिक अवधि भित्र बुझाएमा १० प्रतिशत मात्र जरिवाना लगाइ असुल गरिनेछ। त्यस भन्दा पछि बुझाएमा २० प्रतिशत जरिवाना लाग्नेछ। विगत आर्थिक वर्षहरुको कर रकमहरुमा वार्षिक २० प्रतिशतका दरले जरिवाना लगाइ असुल उपर गरिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकामा आर्थिक वर्ष २०८३/८४ देखि सम्पत्ति कर लागू भएको मानिनेछ।

३. **भूमि कर (मालपोत) :** शिवालय गाउँपालिका क्षेत्रभित्र **अनुसूची–२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असुलउपर गरिनेछ। तर, दफा २ बमोजिम सम्पत्ति कर लाग्ने जग्गामा भूमि कर (मालपोत) लगाइने छैन।

४. **घरजग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूर्ण वा आंशिक रूपमा बहालमा दिएकोमा प्राप्त वार्षिक बहाल रकममा घरजग्गा बहाल कर लगाइनेछ।

(२) उपदफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करको दर **अनुसूची–३** बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम बहाल कर निर्धारण गर्दा गाउँपालिकाले घरजग्गाको स्थान, संरचनाको प्रकृति तथा उपयोगका आधारमा न्यूनतम बहाल मूल्य निर्धारण गरी सोही आधारमा बहाल रकम कायम गरी कर असुल गर्न सक्नेछ।

५. **व्यवसाय कर :** (१) शिवालय गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी, व्यवसायको प्रकृति तथा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय वा सेवा सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले गाउँपालिकामा

व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्राप्त गर्नुपर्नेछ। इजाजत प्राप्त व्यवसायीले प्रत्येक आर्थिक वर्षमा व्यवसाय कर बुझाई व्यवसाय इजाजत नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत तथा नवीकरण दस्तुरको दर व्यापार, व्यवसाय वा सेवा सञ्चालनमा भएको लगानी तथा व्यवसायको प्रकृतिका आधारमा **अनुसूची–४** बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको व्यवसाय इजाजत प्राप्त नगरी शिवालय गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय वा सेवा सञ्चालन गर्न पाइने छैन।

(५) असार मसान्त भित्र बुझाउनु पर्ने व्यवसाय कर व्यवसायीले भुक्तानी नगरेको खण्डमा २० प्रतिशतले हुन आउने रकम थप गरि व्यवसाय कर संकलन गरिनेछ।

(६) आर्थिक वर्ष २०८३/८४ देखि व्यवसाय कर संकलन गरिनेछ।

६. **जडीबुटी, कवाडी तथा जीवजन्तु कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल तथा प्रचलित कानुनले निषेध नगरेका मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला लगायतका वस्तुको व्यावसायिक कारोबार गरेबापत **अनुसूची–५** बमोजिम जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुलउपर गरिनेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि **"कारोबार"** भन्नाले विक्रेताद्वारा जारी गरिएको बिल, बिजक वा अन्य प्रमाणित कारोबार सम्बन्धी कागजातबाट पुष्टि हुने खरिद–बिक्री वा लेनदेनलाई सम्झनुपर्छ। यस दफाबमोजिम कर निर्धारण गर्दा कारोबार रकमको निश्चित प्रतिशतका दरले कर लगाइनेछ।

७. **सवारी साधन कर** : (१) शिवालय गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रचलित प्रदेश कानुनबमोजिम प्रदेश सरकारले सवारी साधन कर लगाउने र असुलउपर गर्नेछ। तर, टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा तथा विद्युतीय स्कुटरमा गाउँपालिकाले सवारी साधन कर लगाउने र असुलउपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले कर लगाउने भनी तोकिएका सवारी साधनको दर्ता, नवीकरण तथा सवारी साधन करको दर **अनुसूची–६** बमोजिम हुनेछ।

(३) प्रदेश सरकारले संकलन गरेको सवारी साधन करबाट शिवालय गाउँपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँटको हिस्सा प्रचलित संघीय तथा प्रदेश कानुनबमोजिम हुनेछ।

८. **विज्ञापन कर** : (१) शिवालय गाउँपालिका क्षेत्रभित्र राखिने होर्डिङ बोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, डिजिटल डिस्प्ले, वाल पेन्टिङ, स्टल, ब्यानर, फ्लेक्स, गेट, प्रचार सामग्री तथा अन्य कुनै पनि माध्यमबाट गरिने विज्ञापन तथा प्रचारप्रसारमा **अनुसूची–७** बमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले संकलन गरेको विज्ञापन करबाट प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने रकम

प्रचलित संघीय तथा प्रदेश कानुनबमोजिम सम्बन्धित प्रदेश सरकारलाई बाँडफाँट गरिनेछ।

९. **मनोरञ्जन कर :** (१) शिवालय गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सिनेमा हल, सांस्कृतिक कार्यक्रम, नाटकघर (थियटर), सङ्गीत तथा मनोरञ्जन प्रदर्शनस्थल, जादु, सर्कस, चटक तथा अन्य मनोरञ्जनसम्बन्धी सेवा वा व्यवसायमा प्रदेश कानुनबमोजिम मनोरञ्जन कर लगाइने र असुलउपर गरिनेछ। तर, सम्बन्धित प्रदेश कानुनमा व्यवस्था नभएको अवस्थामा गाउँपालिकाले **अनुसूची—८** बमोजिम मनोरञ्जन कर लगाई असुलउपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले संकलन गरेको मनोरञ्जन करबाट प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने रकम प्रचलित संघीय तथा प्रदेश कानुनबमोजिम सम्बन्धित प्रदेश सरकारलाई बाँडफाँट गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क :** (१) शिवालय गाउँपालिकाले निर्माण, सञ्चालन, व्यवस्थापन वा रेखदेख गरेका देहायबमोजिमका सम्पत्तिमा **अनुसूची—९** बमोजिम बहाल बिटौरी शुल्क लगाउन तथा असुलउपर गर्न सक्नेछः

(क) गाउँपालिकाले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा तथा अन्य सम्पत्ति,

(ख) गाउँपालिकाको रेखदेखमा रहेका सार्वजनिक स्थल, ऐलानी जग्गा वा सडक किनारामा रहेका अस्थायी टहरा, छाप्रा, पसल वा अन्य संरचना,

(ग) गाउँपालिकाले तोकेका सार्वजनिक स्थल, हाटबजार, मेला, महोत्सव, जात्रा तथा यस्तै अन्य स्थानमा स्थापना गरिएका अस्थायी पसल वा व्यापारिक संरचना।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमका सम्पत्तिबाट बहाल बिटौरी शुल्क संकलन गर्न कार्यपालिकाले न्यूनतम बहाल दर निर्धारण गरी बोलपत्र, दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमका सार्वजनिक स्थलमा बहाल बिटौरी शुल्क संकलन गर्न सम्बन्धित स्थानमा हुने वस्तु तथा सेवाको कारोबारको प्रकृति र परिमाणका आधारमा न्यूनतम बहाल बिटौरी शुल्क निर्धारण गरी बोलपत्र, दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिटौरीमा दिन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा आवश्यक शर्तहरू उल्लेख गरी लिखित सम्झौता गर्नुपर्नेछ।

११. **पार्किङ शुल्क** : (१) शिवालय गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ स्थलमा सवारी साधन पार्किङ गर्न सुविधा उपलब्ध गराएबापत पार्किङ समय तथा सवारी साधनको प्रकृतिका आधारमा **अनुसूची–१०** बमोजिम पार्किङ शुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको पार्किङ स्थल बाहेक अन्य स्थानमा सवारी साधन पार्किङ गर्न निषेध गर्न सक्नेछ। तर, राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गको सडक

अधिकार क्षेत्रभित्र यस दफाबमोजिम पार्किङ शुल्क लगाइने वा असुलउपर गरिने छैन।

१२. **ट्रेकिङ, कयाकिङ, क्यानोइङ, बञ्जी जम्पिङ, जिपलाइन तथा र्‍याफ्टिङ शुल्क** : शिवालय गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ, कयाकिङ, क्यानोइङ, बञ्जी जम्पिङ, जिपलाइन, र्‍याफ्टिङ तथा यस्तै प्रकृतिका साहसिक पर्यटनसम्बन्धी सेवा वा व्यवसाय सञ्चालन गरेबापत **अनुसूची—११** बमोजिम शुल्क लगाइने र असुलउपर गरिनेछ।

१३. **सेवा शुल्क तथा दस्तुर** :(१) शिवालय गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने केबलकार, ट्रेकिङ, कयाकिङ, क्यानोइङ, बञ्जी जम्पिङ, जिपलाइन, र्‍याफ्टिङ, प्याराग्लाइडिङ तथा अन्य स्थानीय पर्यटन, मनोरञ्जन एवं साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असुलउपर गरिनेछ। तर, सीमा नदी वा एकभन्दा बढी स्थानीय तहको क्षेत्र समेटी सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क निर्धारण तथा असुलउपर गर्दा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ।

(२) गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएका देहायका सेवा तथा सुविधा उपयोग गरेबापत सम्बन्धित सेवाग्राही वा सेवा प्रदायकबाट सेवा शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिनेछः

(क) खानेपानी, विद्युत्, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभाहल तथा अन्य यस्तै सेवा—सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती तथा अन्य यस्तै सेवा—सुविधा,

(ग) सार्वजनिक शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाह गृह, धोबीघाट तथा अन्य यस्तै सेवा—सुविधा,

(घ) सडक, बसपार्क, पुल, ढल निकास तथा अन्य सार्वजनिक पूर्वाधारसम्बन्धी सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कनसम्बन्धी सेवा,

(च) गाउँपालिकाबाट प्रदान गरिने सिफारिस, प्रमाणपत्र, प्रमाणीकरण तथा अन्य प्रशासनिक सेवा,

(छ) ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक महत्त्वका सम्पदामा प्रवेश सेवा। तर, प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाली नागरिकबाट त्यस्ता सम्पदामा प्रवेश गरेबापत शुल्क लिइने छैन।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना तथा सञ्चालन, ट्युसन तथा कोचिङ सेन्टर, औषधि पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, नियमन तथा अन्य प्रशासनिक सेवामा सेवा शुल्क तथा दस्तुर तोकी लगाउन र असुलउपर गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क तथा दस्तुरको दर **अनुसूची—१२** बमोजिम हुनेछ।

१४. **पर्यटन शुल्क :** शिवालय गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने स्वदेशी तथा विदेशी पर्यटकबाट **अनुसूची—१३** बमोजिम पर्यटन शुल्क

लगाइने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ।

१५. **खानी तथा खनिज शुल्क :** शिवालय गाउँपालिका क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन, सिफारिस, दर्ता तथा निकासीका सम्बन्धमा **अनुसूची—१४** र **अनुसूची—१४(क)** बमोजिम खानी तथा खनिज शुल्क लगाइने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ।

१६. **कर छुट :** (१) गाउँपालिकाले शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, वातावरण संरक्षण, लगानी प्रवर्द्धन वा अन्य सार्वजनिक हितका क्षेत्रमा आवश्यक देखिएमा प्रचलित कानुन तथा गाउँसभाको निर्णयबमोजिम कर, शुल्क वा दस्तुरमा आंशिक वा पूर्ण छुट दिन सक्नेछ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, कूटनीतिक नियोग, गुठी तथा नाफारहित उद्देश्यले सञ्चालित संघ—संस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा प्रचलित कानुनबमोजिम बाहेक यस ऐनबमोजिम कर लगाइने छैन।

(३) विपद्, महामारी, प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिका कारण करदाताले कर, शुल्क वा दस्तुर समयमै भुक्तानी गर्न नसक्ने अवस्था उत्पन्न भएमा गाउँसभाको निर्णयबमोजिम कर, शुल्क, दस्तुर, ब्याज वा जरिवानामा आंशिक वा पूर्ण छुट दिन सकिनेछ।

(४) प्रचलित कानुनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाको कुनै निकाय वा पदाधिकारीले स्वेच्छाले कर, शुल्क, दस्तुर, महशुल, दण्ड वा जरिवानामा छुट दिन पाउने छैन। तर, अत्यावश्यक परिस्थितिमा गाउँसभा तत्काल बस्न नसक्ने अवस्था भएमा गाउँ कार्यपालिकाले निर्णय गरी अस्थायी रूपमा छुट दिन सक्नेछ र त्यस्तो निर्णय अर्को गाउँसभाबाट अनुमोदन गराउनुपर्नेछ।

१७. **दण्ड, जरिवाना तथा बक्यौता असुलउपर** : (१) यस ऐनबमोजिम लाग्ने कर, शुल्क, दस्तुर वा महशुल तोकिएको समयभित्र भुक्तानी नगरेमा सम्बन्धित कानुनमा जरिवानाको दर तोकिएको भए सोहीबमोजिम र नतोकिएको भए **अनुसूची—१५** वा कार्यपालिकाले निर्धारण गरेको दरबमोजिम जरिवाना सहित बक्यौता असुलउपर गरिनेछ।

(२) यस ऐन वा प्रचलित कानुनको उल्लङ्घन गरेबापत लाग्ने अन्य दण्ड तथा जरिवाना सम्बन्धित कानुनमा व्यवस्था भएबमोजिम हुनेछ।

(३) सार्वजनिक सडक, फुटपाथ, सार्वजनिक स्थल वा अन्य सार्वजनिक उपयोगका स्थानमा पूर्वस्वीकृतिबिना ढुङ्गा, गिट्टी, बालुवा, माटो, निर्माण सामग्री वा अन्य अवरोध हुने सामग्री राखेमा प्रत्येक पटक रु. १,००० (एक हजार) जरिवाना गरी त्यस्ता सामग्री हटाउन वा आवश्यकताअनुसार जफत गर्न सकिनेछ।

१८. **आय ठेक्का बन्दोबस्त गर्न सक्ने** : (१) यस ऐनबमोजिम संकलन गरिने कर, सेवा शुल्क, दस्तुर, महशुल तथा अन्य आन्तरिक आय कार्यपालिकाले आवश्यकता अनुसार आय ठेक्का बन्दोबस्तमार्फत

संकलन गराउन सक्नेछ। सामान्यतया आय ठेक्का एक आर्थिक वर्षका लागि बन्दोबस्त गरिनेछ। तर, आन्तरिक आय वृद्धि हुने, प्रतिस्पर्धा बढ्ने वा पटक–पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक खर्च तथा दायित्व बढ्ने देखिएमा बढीमा दुई आर्थिक वर्षसम्मका लागि एकमुष्ट आय ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम आय ठेक्का बन्दोबस्त गर्दा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई मात्र प्रतिस्पर्धामा सहभागी गराइनेछ।

(३) यस दफाबमोजिम आय ठेक्का बन्दोबस्त गर्दा बोलपत्र, दरभाउपत्र, डाँक बढाबढ, पट्टा, कबुलियत, धरौटी, किस्ता, ठेक्का सम्झौता, ठेक्का रद्द तथा अन्य सम्बन्धित कार्यविधि प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुन, आर्थिक प्रशासनसम्बन्धी प्रचलित कानुन तथा गाउँ कार्यपालिकाले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ।

१९. **सहयोग गर्नुपर्ने** :संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित सरकारी निकायहरूले शिवालय गाउँपालिकाको राजस्व प्रशासन, कर निर्धारण, राजस्व संकलन तथा असुलउपर कार्यमा आवश्यक सहयोग, समन्वय तथा सूचना उपलब्ध गराउनुपर्नेछ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : गाउँपालिकाले कर, शुल्क तथा दस्तुरको दर निर्धारण गर्दा करदाताको आर्थिक अवस्था, कर तिर्न सक्ने क्षमता, सामाजिक न्याय तथा समतामूलक कर प्रणालीलाई दृष्टिगत गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नेछ।

२१. **कार्यविधि, मापदण्ड वा निर्देशिका बनाउन सक्ने :** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि, मापदण्ड, निर्देशिका वा अन्य आवश्यक व्यवस्था स्वीकृत गरी लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत कार्यविधि, मापदण्ड वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भएपछि लागू हुनेछ।

२२. **प्रचलित कानुनबमोजिम हुने :** (१) यस ऐनमा व्यवस्था भएका विषयमा यसै ऐनबमोजिम र यस ऐनमा व्यवस्था नभएका विषयमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित संघीय तथा प्रदेश कानुन र अन्य सम्बन्धित कानुनबमोजिम हुनेछ।

(२) यस ऐनको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानुनसँग बाझिएको अवस्थामा बाझिएको हदसम्म प्रचलित संघीय वा प्रदेश कानुनबमोजिम हुनेछ।

# अनुसूची–१

## (दफा २ को उपदफा (२) सँग सम्बन्धित)

## सम्पत्ति कर (घर र घरले चर्चेको जग्गा मात्र) को दर

| क्र.सं. | करयोग्य सम्पत्तिको मूल्य (रु.) | करको दर |
|---|---|---|
| १. | ३ लाख सम्म | एक मुष्ट रु. ३० |
| २. | ३ लाख १ देखि १५ लाखसम्म | प्रति लाख रु. २० |
| ३. | १५ लाख १ देखि २५ लाखसम्म | प्रति लाख रु. २५ |
| ४. | २५ लाख १ देखि ३५ लाखसम्म | प्रति लाख रु. ३० |
| ५. | ३५ लाख १ देखि ५० लाखसम्म | प्रति लाख रु. ३५ |
| ६. | ५० लाख १ देखि ७० लाखसम्म | प्रति लाख रु. ४० |
| ७. | ७० लाख १ देखि १ करोडसम्म | प्रति लाख रु. ४५ |
| ८. | १ करोड १ भन्दा माथि | प्रति लाख रु. ५० |

## अनुसूची—२

### (दफा ३ सँग सम्बन्धित)

### भूमि कर (मालपोत) को दर

| क्र.सं. | करयोग्य सम्पत्तिको मूल्य (रु.) | करको दर |
|---|---|---|
| १. | ३ लाख सम्म | एक मुष्ट रु. ३० |
| २. | ३ लाख १ देखि १५ लाखसम्म | प्रति लाख रु. २० |
| ३. | १५ लाख १ देखि २५ लाखसम्म | प्रति लाख रु. २५ |
| ४. | २५ लाख १ देखि ३५ लाखसम्म | प्रति लाख रु. ३० |
| ५. | ३५ लाख १ देखि ५० लाखसम्म | प्रति लाख रु. ३५ |
| ६. | ५० लाख १ देखि ७० लाखसम्म | प्रति लाख रु. ४० |
| ७. | ७० लाख १ देखि १ करोडसम्म | प्रति लाख रु. ४५ |
| ८. | १ करोड १ भन्दा माथि | प्रति लाख रु. ५० |

### सम्पत्तिकर तथा भूमिकर (मालपोत) संकलन प्रयोजनका लागि जग्गाको न्यूनतम मूल्याङ्कन

| क्र.सं. | जग्गाको विवरण | न्यूनतम मूल्याङ्कन (प्रति रोपनी) (रु.) |
|---|---|---|
| १. | साविक सिमा गाविस वडा नं. ९, हाल शिवालय गाउँपालिका वडा नं. १ अन्तर्गत **छेडा बजारदेखि मोर्क बजारसम्म** सडक खण्डको दायाँ—बायाँ सडकसँग जोडिएका जग्गा | ७७३२५४ |
| २. | शिवालय गाउँपालिका वडा नं. ३ को केन्द्र **ऐरारीदेखि नेपाकाँडा, खनेटा, लयकाँडा हुँदै** | ३००१४४ |

| | | |
|---|---|---|
| | **देउलीसम्म** सडकको दायाँ—बायाँ सडकसँग जोडिएका जग्गा | |
| ३. | साविक सिमा गाविस वडा नं. ९, हाल शिवालय गाउँपालिका वडा नं. १ अन्तर्गत **मोर्क बजारदेखि भम्प, पिपल, ऐरारी, गोठीमोर, ढिकाले हुँदै टुनिबगरसम्म** जोडिने सडकको दायाँ—बायाँ ५० मिटरभित्रका जग्गा | ४०१८८८ |
| ४. | साविक सिमा गाविस वडा नं. ३, हाल शिवालय गाउँपालिका वडा नं. ४ अन्तर्गत **टाटा—ताङ्गा—घोडेछाल हुँदै चिउदुवासम्म** जोडिने सडकको दायाँ—बायाँ ५० मिटरभित्रका जग्गा | ३६६२७८ |
| ५. | साविक थालारैकर गाविस वडा नं. ९, हाल शिवालय गाउँपालिका वडा नं. ५ अन्तर्गत **ढिकाले, सल्लेरी, थालारैकर, काउँला हुँदै चिउदुवासम्म** जोडिने सडकको दायाँ—बायाँ ५० मिटरभित्रका जग्गा | ३६६२७८ |
| ६. | साविक थालारैकर गाविस वडा नं. २, हाल शिवालय गाउँपालिका वडा नं. ५ अन्तर्गत **थालारैकर, सुँगरखाला हुँदै रोकायजाँतसम्म** जोडिने सडकको दायाँ—बायाँ ५० मिटरभित्रका जग्गा | ३६६२७८ |
| ७. | साविक जुँगाथापाचौर गाविस वडा नं. ४, हाल शिवालय गाउँपालिका वडा नं. ८ अन्तर्गत **दुईपिपल—पोखा हुँदै जुँगाथापाचौरसम्म जोड्ने सडक**को दायाँ—बायाँ सडकसँग जोडिएका जग्गा | ३३०६६८ |

| | | |
|---|---|---|
| ८. | साविक सिमा गाविस वडा नं. ९, हाल शिवालय गाउँपालिका वडा नं. १ अन्तर्गत **मोर्क बजारदेखि रिटेखोलासम्म** सडकको दायाँ—बायाँ ५० मिटरभित्रका जग्गा | ७७३२५४ |
| ९. | साविक जुँगाथापाचौर गाविस वडा नं. ९, हाल शिवालय गाउँपालिका वडा नं. ९ अन्तर्गत **बालुवा बजारदेखि वडा कार्यालय (बडाकाँडा) हुँदै वडालपाटासम्म** आसपास क्षेत्रका जग्गा | ७०२०३३ |
| १०. | साविक सिमा गाविस वडा नं. ३, हाल शिवालय गाउँपालिका वडा नं. ३ अन्तर्गत **शिवालय गाउँपालिकाको केन्द्रदेखि सिमा राख्म हुँदै ताङ्गासम्म** आसपास क्षेत्रका जग्गा | ७१२२०८ |
| ११. | हाल शिवालय गाउँपालिका वडा नं. ७ अन्तर्गत **ढिकाले हुँदै जुँगाथापाचौर, वडा कार्यालय, थानवाँडा हुँदै चिनिकम्द** सडक खण्डको दायाँ—बायाँ ५० मिटरभित्र पर्ने जग्गा | ३००१४४ |
| १२. | शिवालय गाउँपालिका वडा नं. ९ अन्तर्गत **भिषथापा—बडाकाँडा हुँदै चिनिकम्द** सडकको दायाँ—बायाँ ५० मिटरभित्र पर्ने जग्गा | ३९९३४५ |
| १३. | शिवालय गाउँपालिका वडा नं. १ देखि ९ सम्मका माथि उल्लेखित क्षेत्र बाहेकका अन्य सबै जग्गा | १११९१८ |

## सम्पत्ति कर प्रयोजनका लागि घरको न्यूनतम मूल्याङ्कन

| क्र.सं. | घरको प्रकार | घरको विवरण |
|---|---|---|
| १. | **कच्ची घर** | ढुंगा—माटो वा माटोले बनेको, खर, स्लेट वा जस्तापाताको छाना भएको सामान्य आवासीय घर |
| २. | **अर्धपक्की घर** | ढुंगा वा ईंटामा सिमेन्टको जोडाई भएको तथा जस्तापाता वा स्लेटको छाना भएको घर |
| ३. | **पक्की घर** | ढुंगा वा ईंटामा सिमेन्टको जोडाई भएको, आर.सी.सी. ढलान बाहेकको राम्रो गुणस्तरको घर |
| ४. | **आर.सी.सी. (ढलान) घर** | आर.सी.सी. फ्रेम वा ढलान छाना भएको पक्की भवन |

# अनुसूची–३

## (दफा ४ सँग सम्बन्धित)

## घरजग्गा बहाल करको दर

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | सरकारी कार्यालय बाहेक अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई घर, भवन, पसल, गोदाम, टहरा, जग्गा वा अन्य अचल सम्पत्ति बहालमा दिएबापत प्राप्त वार्षिक बहाल रकम | बहाल रकमको १० प्रतिशत | सम्झौता वा प्रमाणित बहाल रकमका आधारमा |

## अनुसूची–४

## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

व्यवसाय कर तथा व्यवसाय दर्ता/नवीकरण दस्तुरको दर

| **क्र.सं.** | **व्यवसायको किसिम** | **दर्ता शुल्क (रु.)** | **व्यवसाय कर/नवीकरण दस्तुर (रु.)** |
|---|---|---|---|
| १. | खुद्रा बिक्री पसल | ५०० | २५० |
| २. | थोक बिक्री पसल | १००० | ५०० |
| ३. | मिठाई पसल | ५०० | २५० |
| ४ | तरकारी तथा फलफूल बिक्री पसल | ५०० | २५० |
| ४. | **होटल तथा रेष्टुरेन्ट** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | ३००० | १५०० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | २५०० | १२५० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | १५०० | ७५० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | ५०० | २५० |
| ५. | पेट्रोल, मट्टितेल तथा डिजेल बिक्री पसल | १५०० | ७५० |
| ६. | पेट्रोल पम्प | १००००० | १०००० |

| | | | |
|---|---|---|---|
| **७.** | **चुरोट तथा सुर्तीजन्य पदार्थको व्यवसाय** | | |
| क. | गाउँपालिका क्षेत्रभित्र प्रधान कार्यालय भएका (२० लाख रुपैयाँभन्दा बढी पुँजी) | १०००० | ५००० |
| ख. | गाउँपालिका क्षेत्रभित्र प्रधान कार्यालय भएका (२० लाख रुपैयाँसम्म पुँजी) | ५००० | २५०० |
| ग. | गाउँपालिका क्षेत्रभित्र शाखा/काउन्टर मात्र भएका (५ लाख रुपैयाँसम्म पुँजी भएका फुटकर विक्रेता) | २००० | १००० |
| **८.** | **मदिरा पसल तथा कोल्ड स्टोर** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | १०००० | ५००० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | ८००० | ३००० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | ५००० | २००० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | १५०० | ७५० |

| | | | |
|---|---|---|---|
| ९. | **कपडा तथा श्रृङ्गार सामग्री पसल (काँचो तथा फेन्सी कपडा समेत)** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | २००० | १००० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | १५०० | ७५० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | १००० | ५०० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | ५०० | २५० |
| १०. | **किराना तथा खाद्यान्न पसल** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | २००० | १००० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | १५०० | ७५० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | १००० | ५०० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | ५०० | ५०० |
| ११. | **भाँडा पसल** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | २००० | १००० |

| | | | |
|---|---|---|---|
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | १५०० | ७५० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | १००० | ५०० |
| १२. | ग्यास डिलर | २००० | १००० |
| **१३.** | **फर्निचर उद्योग (काठ व्यवसाय समेत)** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | १०००० | ३००० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | ७००० | २००० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | २००० | १००० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | १००० | ५०० |
| १४. | कुटानी—पिसानी मिल | १००० | ५०० |
| १५. | स-मिल | ३००० | १५०० |
| १६. | छाला तथा जुत्ता उत्पादन एवं बिक्री पसल | १००० | ५०० |
| १७. | एग्रोभेट (मल, बीउबिजन तथा कृषि सामग्री बिक्री समेत) | १००० | ५०० |
| **१८.** | **घरेलु उद्योग (चाउमिन, दालमोठ, मसला आदि)** | | |

| | | | |
|---|---|---|---|
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | ३००० | १५०० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | २००० | १००० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | १००० | ५०० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | ५०० | २५० |
| १९. | मोटरसाइकल शोरुम | ५००० | २५०० |
| २०. | ग्यारेज (मोटरसाइकल तथा सवारी साधन मर्मत) | २००० | १००० |
| २१. | ग्यारेज तथा शोरुम दुवै सञ्चालन गर्ने | १५००० | ५००० |
| २२. | विद्युत् सामग्री बिक्री पसल | २००० | १००० |
| २३. | ग्रिल उद्योग | ४००० | २००० |
| २४. | मोबाइल बिक्री पसल | २००० | १००० |
| **२५.** | **हार्डवेयर पसल** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी भएका | ७००० | ३५०० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी भएका | ५००० | २५०० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी भएका | ३००० | १५०० |

| | | | |
|---|---|---|---|
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी भएका | २००० | १००० |
| २६. | कम्प्युटर बिक्री तथा मर्मत पसल | २००० | ७०० |
| **२७.** | **औषधि पसल** | | |
| क. | दर्ताप्राप्त चिकित्सक/फार्मासिस्टको व्यवस्थापनमा सञ्चालित | २००० | १००० |
| २८. | सामुदायिक उपचार केन्द्र | १००० | ५०० |
| २९. | निजी चिकित्सालय तथा दन्त उपचार केन्द्र | २००० | १००० |
| ३०. | माछा तथा मासु बिक्री पसल | १००० | ५०० |
| ३१. | डेरी पसल | ५०० | २५० |
| ३२. | हजाम (हेयर कटिङ) पसल | ५०० | २५० |
| **३३.** | **टेलर्स (सिलाइ) पसल** | | |
| क. | २ वटासम्म सिलाइ मेसिन भएका | १००० | ५०० |
| ख. | ५ वटासम्म सिलाइ मेसिन भएका | १५०० | १००० |
| ग. | ५ वटा भन्दा बढी सिलाइ मेसिन भएका | २००० | १२०० |
| **३४.** | **छापा तथा प्रकाशन** | | |
| क. | साधारण प्रेस | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ख. | अफसेट प्रेस | २००० | १००० |
| ३५. | फोटो स्टुडियो | १००० | ५०० |
| ३६. | आर्ट पसल | १००० | ५०० |
| ३७. | फोटो, प्रिन्टिङ तथा लेमिनेसन पसल | १००० | ५०० |
| **३८.** | **प्राविधिक/निजी शिक्षण सेवा (प्रति कक्षा)** | | |
| क. | पूर्वप्राथमिक तह | ५००० | २५०० |
| ख. | आधारभूत तह (कक्षा ५ सम्म) | ७५०० | ३५०० |
| ग. | आधारभूत तह (कक्षा ८ सम्म) | ९००० | ४५०० |
| घ. | माध्यमिक तह (कक्षा १२ सम्म) | १२००० | ६००० |
| ३९. | प्राविधिक शिक्षालय | १२००० | ६००० |
| ४०. | उच्च शिक्षा सञ्चालन संस्था | १५००० | ७५०० |
| ४१. | कम्प्युटर इन्स्टिच्युट | ३००० | १५०० |
| ४२. | कोचिङ तथा ट्युसन सेन्टर | ३००० | १५०० |
| ४३. | लेखापढी व्यवसाय | १००० | ५०० |
| ४४. | क्रसर उद्योग | २५००० | १०००० |
| ४५. | घुमन्ते व्यवसाय (गोदाम भएको) | २५०० | १००० |

| | | | |
|---|---|---|---|
| ४६. | घुमन्ते व्यवसाय (गोदाम नभएको) | ५०० पटके | |
| **४७.** | **निजी टेलिफोन टावर (प्रति टावर)** | | |
| क. | स्थापना दस्तुर | १५००० | ५००० |
| **४८.** | **शिवालय गाउँपालिका क्षेत्रभित्र सार्वजनिक सडक, फुटपाथ, सार्वजनिक जग्गा आदिमा नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण तथा अन्य सेवा प्रदायक संस्थाले पोल, क्याबिनेट, ट्रान्सफर्मर, तार तथा अन्य संरचना राखी सेवा विस्तार गरेबापत लाग्ने शुल्क** | | |
| क. | **नेपाल टेलिकम तथा अन्य दूरसञ्चार सेवा प्रदायक** | | |
| | प्रति पोल | २० | |
| | तारलाइन (प्रतिमिटर) | ५ | |
| | क्याबिनेट (प्रतिगोटा) | १०० | |
| ख. | **नेपाल विद्युत् प्राधिकरण तथा अन्य विद्युत् सेवा प्रदायक** | | |
| | मुख्य (११ के.भी./३३ के.भी.) लाइनको प्रति पोल | ७५० | – |
| | साधारण वितरण लाइनको प्रति पोल | २०० | – |
| | ट्रान्सफर्मर (प्रतिगोटा) | २०० | – |
| | तारलाइन (प्रतिमिटर) | ०.५० | – |
| **४९.** | **सडक कटान (कटिङ) शुल्क** | | |

| | | | |
|---|---|---|---|
| क. | मुख्य सडक (कालोपत्रे) कटान | ३००० | — |
| ख. | सहायक सडक (कालोपत्रे) कटान | २००० | — |
| ग. | ग्राभेल सडक कटान | ५०० | — |
| घ. | कच्ची सडक कटान | २५० | — |
| **५०.** | **वित्तीय सेवा संस्था** | | |
| क. | वाणिज्य बैंक (क वर्ग) शाखा | २०००० | १०००० |
| ख. | विकास बैंक (ख वर्ग) शाखा | १५००० | ७५०० |
| ग. | बीमा कम्पनी शाखा | १५००० | ७५०० |
| घ. | लघुवित्त वित्तीय संस्था | १०००० | ५००० |
| **५१.** | **सहकारी संस्था** | | |
| क. | दर्ता | २००० | — |
| ख. | नवीकरण | — | १००० |
| **५२.** | **निर्माण व्यवसायी (गाउँपालिकामा कार्यालय भएका)** | | |
| क. | "क" श्रेणी | २५००० | १०००० |
| ख. | "ख" श्रेणी | १५००० | ७५०० |
| ग. | "ग" श्रेणी | १०००० | ५००० |
| **५३.** | **"घ" वर्गको निर्माण व्यवसायी** | | |
| क. | नयाँ दर्ता | ३०००० | — |

| | | | |
|---|---|---|---|
| ख. | नवीकरण (प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र) | – | ७००० |
| ग. | ढिलो नवीकरण थप दस्तुर | – | ३००० |
| घ. | इजाजतपत्र नामसारी (हकवाला बाहेक) | १५००० | – |
| ङ. | इजाजतपत्र नामसारी (हकवाला) | २५०० | – |
| च. | इजाजतपत्रको प्रतिलिपि | १५०० | – |
| छ. | इजाजतपत्र दर्ता खारेजी | ५००० | – |
| **५४.** | **लेखापरीक्षण व्यवसाय** | | |
| क. | "क" श्रेणी | २५०० | १२५० |
| ख. | "ख" श्रेणी | २००० | १००० |
| ग. | "ग" श्रेणी | १५०० | ७५० |
| घ. | "घ" श्रेणी | १००० | ५०० |
| **५५.** | **कानुन व्यवसाय** | | |
| क. | वरिष्ठ अधिवक्ता/अधिवक्ता | | |
| ख. | वकालतनामा लिने कानुन व्यवसायी | | |
| ग. | नोटरी पब्लिकसहित कानुन व्यवसाय | | |
| घ. | साधारण लेखापढी व्यवसाय | १००० | ५०० |
| ५६. | चस्मा पसल | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ५७. | पत्रपत्रिका तथा स्टेशनरी पसल (५ लाख रुपैयाँभन्दा बढी पुँजी) | १५०० | ७५० |
| ५८. | पत्रपत्रिका तथा स्टेशनरी पसल (५ लाख रुपैयाँसम्म पुँजी) | ७५० | ५०० |
| **५९.** | **सुनचाँदी व्यवसाय** | | |
| क. | २० लाख रुपैयाँभन्दा बढी पुँजी | १५००० | ७५०० |
| ख. | २० लाख रुपैयाँसम्म पुँजी | १०००० | ५००० |
| ग. | १० लाख रुपैयाँसम्म पुँजी | ५००० | २५०० |
| घ. | ५ लाख रुपैयाँसम्म पुँजी | २५०० | १२५० |
| ६०. | वैदेशिक रोजगार कम्पनी/सम्पर्क केन्द्र | ५००० | २५०० |
| ६१. | प्राविधिक तथा सामाजिक परामर्श केन्द्र | २५०० | १२०० |
| ६२. | मनी ट्रान्सफर तथा रेमिटयान्स एजेन्सी | २००० | १००० |
| ६३. | विज्ञापन एजेन्सी | २००० | १००० |
| ६४. | कन्सल्टेन्सी सेवा | २५०० | १२०० |

# अनुसूची–५

## (दफा ६ सँग सम्बन्धित)

जडीबुटी, कवाडी तथा जीवजन्तु करको दर

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| **क.** | **ऊन, खोटो, जडीबुटी तथा वन पैदावार** | | |
| १. | ऊन (प्राकृतिक तथा कृत्रिम) प्रति के.जी. | कर नलाग्ने | |
| २. | खोटो प्रति के.जी. | ३ | |
| ३. | जडीबुटी (प्रति के.जी.) | ३ | |
| ४. | वनकस, खर, बाबियो, मलहन, पात, छ्वाली, पराल, बाँस, निगालो, लोक्ता, अम्लिसो, कुच्चो लगायतका वन पैदावार (प्रति के.जी.) | २ | |
| ५. | काठ (प्रति क्वू. फिट) | ५ | |

**(ख) कवाडी मालसामान**

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १. | खाली सिसाका बियर बोतल (साइज अनुसार) प्रति गोटा | ०.५ |
| २. | ५०० एम.एल. वा सोभन्दा माथिका खाली मदिरा तथा अन्य सिसाका बोतल प्रति गोटा | ०.५ |
| ३. | ५०० एम.एल. भन्दा कमका खाली मदिरा तथा अन्य सिसाका बोतल प्रति गोटा | ०.२५ |

| | | |
|---|---|---|
| ४. | प्लास्टिक बोतल, भाँडाकुँडा, पुराना जुत्ता–चप्पल, ग्यालन, जर्किन आदि (प्रति के.जी.) | ०.२५ |

**खाली बोरा**

| विवरण | करको दर |
|---|---|
| ५० के.जी.सम्म खाद्यान्न अट्ने प्लास्टिक बोरा (प्रति गोटा) | ०.२५ |
| ५० के.जी.सम्म खाद्यान्न अट्ने जुटको बोरा (प्रति गोटा) | ०.२५ |
| १०० के.जी.सम्म खाद्यान्न अट्ने जुटको बोरा (प्रति गोटा) | ०.५० |

**तेलको टिन**

| विवरण | करको दर |
|---|---|
| १० लिटरभन्दा बढी अट्ने (ठूलो) प्रति गोटा | ०.५० |
| १० लिटरभन्दा कम अट्ने (सानो) प्रति गोटा | ०.२५ |

**पुनःप्रशोधन (रिसाइकलिङ) गरी पुनः प्रयोग हुने सामग्री**

| विवरण | करको दर |
|---|---|
| झिन्डु (प्राकृतिक तथा कृत्रिम ऊनका टुक्रा) प्रति के.जी. | ०.२५ |
| गार्मेन्ट कपडाका टुक्रा प्रति के.जी. | ०.२५ |
| जलेको मोबिल प्रति लिटर | ०.२५ |
| जुट तथा प्लास्टिकका बोरा प्रति के.जी. | ०.२५ |
| टायर तथा ट्युब प्रति के.जी. | ०.२५ |
| थोत्रो टिन प्रति के.जी. | ०.२५ |
| पुरानो ड्रम प्रति के.जी. | ०.२५ |
| पुराना कागज (कार्टुन समेत) प्रति के.जी. | ०.२५ |
| फलाम (पत्रु) प्रति के.जी. | १ |
| अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | १ |

| | |
|---|---|
| काम नलाग्ने मेसिनरी तथा औजार प्रति के.जी. | २ |
| पोलिथिन पाइपका टुक्रा प्रति के.जी. | १ |
| सिसा (Lead) को धुलो वा टुक्रा प्रति के.जी. | ०.२५ |
| काँचको धुलो तथा टुक्रा प्रति के.जी. | ०.२५ |

**(ग) जीवजन्तुजन्य वस्तु**

| **विवरण** | **करको दर** |
|---|---|
| हाँस, कुखुरा लगायतका पन्छीको प्वाँख (प्रति के.जी.) | ०.५० |
| हाड (प्रति के.जी.) | ०.२५ |
| सिङ (प्रति के.जी.) | ०.२५ |
| खुर (प्रति के.जी.) | ०.२५ |
| ठूलो छाला (प्रति गोटा) | ५ |
| सानो छाला (प्रति गोटा) | ३ |

**(घ) गाउँपालिकाभित्र खरिद–बिक्री भई निकासी हुने जीवजन्तु**

| **विवरण** | **करको दर** |
|---|---|
| भैंसी तथा राँगा (प्रति गोटा) | १०० |
| गाई तथा गोरु (प्रति गोटा) | ५० |
| खसी, बोका तथा बाख्रा (प्रति गोटा) | ५० |

## अनुसूची—६

## (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### सवारी साधन दर्ता तथा वार्षिक करको दर

| क.सं. | विवरण | दस्तुर/शुल्क (रु.) |
|---|---|---|
| १. | अटो रिक्सा तथा ई—रिक्सा सञ्चालन अनुमति दस्तुर | २००० |
| २. | अटो रिक्सा तथा ई—रिक्सा वार्षिक नवीकरण दस्तुर | १००० |
| ३. | स्थानीय रुट अनुमति दस्तुर | १००० |
| ४. | स्थानीय रुट अनुमति वार्षिक नवीकरण दस्तुर | ५०० |
| ५. | सञ्चालन अनुमति वा रुट अनुमति प्रमाणपत्रको प्रतिलिपि दस्तुर | २०० |

## अनुसूची–७
## (दफा ८ सँग सम्बन्धित)

विज्ञापन करको दर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| **क.** | **सार्वजनिक स्थानमा राखिने विज्ञापन सामग्री** | |
| १. | डिजिटल डिस्प्ले बोर्ड (प्रति वर्गफुट) | १०० |
| २. | पर्खाल, भित्ता वा अन्य संरचनामा विज्ञापन, चित्र, लोगो वा रङ पोत्ने कार्य (प्रति वर्गफुट) | १०० |
| ३. | सार्वजनिक प्रतिक्षालय, बसपार्क वा सार्वजनिक स्थलमा राखिने विज्ञापन सामग्री (प्रति वर्गफुट) | १०० |
| ४. | माथि उल्लेख नभएका अन्य विज्ञापन सामग्री (प्रति वर्गफुट) | ५० |
| ५. | पोल ब्यानर (प्रति ब्यानर, प्रति हप्ता) | ५० |
| ६. | मोबाइल भ्यान वा सवारी साधनमार्फत गरिने प्रचार–प्रसार (प्रति दिन) | ५० |
| ७. | खेलकुद मैदान वा सार्वजनिक कार्यक्रमस्थलमा राखिने विज्ञापन (प्रति वर्गफुट) | ५० |

**ख. सवारी साधनमा गरिने विज्ञापन**

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १. | सवारी साधनको छतमा राखिने विज्ञापन (प्रति वर्गफुट) | ५० |

| | | |
|---|---|---|
| २. | सवारी साधनको ढोका वा अन्य बाहिरी भागमा राखिने विज्ञापन (प्रति वर्गफुट) | ४० |
| ३. | सवारी साधनको पछाडिको सिसामा राखिने विज्ञापन (प्रति वर्गफुट) | ६० |
| ४. | सवारी साधनमार्फत माइकिङ गरी गरिने विज्ञापन (प्रति दिन) | ५०० |
| ५. | सवारी साधनको पछाडिको भागमा राखिने अन्य विज्ञापन सामग्री (प्रति रेखीय फुट) | ५० |

**नोटः**

१. विज्ञापन कर प्रचलित संघीय तथा प्रदेश कानुनसँग नबाझिने गरी मात्र लगाइनेछ।

२. विज्ञापन राख्नुअघि गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

३. सार्वजनिक सम्पत्ति, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा वातावरणीय दृष्टिले संवेदनशील स्थानमा विज्ञापन राख्न गाउँपालिकाको पूर्वस्वीकृति अनिवार्य हुनेछ।

## अनुसूची—८

## (दफा ९ र दफा १० सँग सम्बन्धित)

मनोरञ्जन कर तथा बहाल बिटौरी शुल्क

| **क.सं.** | **विवरण** | **कर/शुल्कको दर** | **कैफियत** |
|---|---|---|---|
| **क. मनोरञ्जन कर** | | | |
| १. | मेला, महोत्सव, प्रदर्शनी, सांस्कृतिक कार्यक्रम तथा अन्य मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दा प्रचलित प्रदेश कानुनबमोजिम | प्रचलित कानुनबमोजिम | प्रदेश कानुनमा व्यवस्था भएबमोजिम |
| **ख. बहाल बिटौरी शुल्क** | | | |
| १. | गाउँपालिकाको स्वामित्व वा व्यवस्थापनमा रहेको भवन, बजार, घुम्ती पसल वा अन्य स्थानमा पसल सञ्चालन गरेबापत | २०० | प्रति कोठा, प्रति महिना |

**नोटः**

१. बहाल बिटौरी शुल्क गाउँपालिकासँग भएको सम्झौता तथा कार्यपालिकाले तोकेको शर्तबमोजिम असुलउपर गरिनेछ।

२. विशेष मेला, महोत्सव वा सार्वजनिक कार्यक्रमका हकमा गाउँ कार्यपालिकाले आवश्यकताअनुसार फरक दर निर्धारण गर्न सक्नेछ।

## अनुसूची–९

## (दफा ११ सँग सम्बन्धित)

पार्किङ शुल्कको दर

| क.सं. | सवारी साधनको प्रकार | पार्किङ शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| | | | |

**नोटः**

१. पार्किङ शुल्क गाउँपालिकाले तोकेको पार्किङ स्थलमा मात्र लाग्नेछ।

२. पार्किङ व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था गाउँपालिका र सम्बन्धित व्यवस्थापन समिति वा सेवा प्रदायकसँग भएको सम्झौताबमोजिम हुनेछ।

३. विशेष मेला, महोत्सव, सभा, समारोह वा सार्वजनिक कार्यक्रमका अवसरमा गाउँ कार्यपालिकाले आवश्यकताअनुसार अस्थायी पार्किङ शुल्क निर्धारण गर्न सक्नेछ।

## अनुसूची—१०
## (दफा १२ सँग सम्बन्धित)

ट्रेकिङ, कायकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर तथा र्‍याफ्टिङ शुल्क

| क्र.सं. | विवरण | शुल्कको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | ट्रेकिङ (प्रति व्यक्ति, प्रतिपटक) | ५०० | |
| २. | र्‍याफ्टिङ (Rafting) | ५०० | प्रतिपटक |

**नोटः**

१. यो शुल्क गाउँपालिकाको क्षेत्रभित्र सञ्चालन हुने सम्बन्धित पर्यटन तथा साहसिक खेलकुद सेवामा मात्र लागू हुनेछ।

२. सेवा सञ्चालन गर्नुअघि प्रचलित कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति तथा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ।

३. विशेष परिस्थितिमा गाउँ कार्यपालिकाले आवश्यकताअनुसार शुल्कमा पुनरावलोकन वा संशोधन गर्न सक्नेछ।

## अनुसूची–११

## (दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

सेवा शुल्क तथा दस्तुरको दर

| क्र.सं. | विवरण | शुल्क/दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | घरजग्गा नामसारी सिफारिस | ५०० | |
| २. | मोही लगत कट्टा सिफारिस | १००० | |
| ३. | घर कायम सिफारिस | ५०० | |
| ४. | छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ५. | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | |
| ६. | अपाङ्गता सिफारिस | निःशुल्क | |
| ७. | अस्थायी बसोबास सिफारिस | ३०० | |
| ८. | स्थायी बसोबास सिफारिस | ५०० | |
| ९. | नागरिकता सिफारिस | २०० | |
| १०. | नागरिकताको प्रतिलिपि सिफारिस | ५०० | |
| ११. | अंगीकृत नागरिकता सिफारिस | १००० | |
| १२. | नाबालक परिचयपत्र सिफारिस | १०० | |
| १३. | आर्थिक अवस्था सिफारिस (आम्दानी खुलाएको सिफारिस) | २००० | |
| १४. | आर्थिक अवस्था सिफारिस (विपन्न/कमजोर) | निःशुल्क | |
| १५. | विद्युत् जडान सिफारिस (नक्सा स्वीकृत भएको) | ३०० | |

| | | | |
|---|---|---|---|
| १६. | विद्युत् जडान सिफारिस (नक्सा स्वीकृत नभएको) | ५०० | |
| १७. | खानेपानी धारा जडान सिफारिस (नक्सा स्वीकृत भएको) | - | |
| १८. | खानेपानी धारा जडान सिफारिस (नक्सा स्वीकृत नभएको) | - | |
| १९. | जग्गा मूल्याङ्कन सिफारिस | १५०० | |
| २०. | जग्गाको रेखाङ्कन (प्रति कित्ता) | १००० | |
| २१. | व्यवसाय बन्द सिफारिस | ५०० | |
| २२. | व्यवसाय नभएको सिफारिस | ५०० | |
| २३. | व्यवसाय सञ्चालन भएको सिफारिस | ५०० | |
| २४. | अदालत शुल्क मिनाहा सिफारिस | निःशुल्क | |
| २५. | व्यापार/व्यवसाय ठाउँसारी सिफारिस | १००० | |
| २६. | आन्तरिक बसाइँसराइ सिफारिस | ३०० | |

**विद्यालय सम्बन्धी**

| **विवरण** | **संस्थागत विद्यालयको लागि शुल्क** | **सामुदायिक विद्यालयको लागि शुल्क** |
|---|---|---|
| पूर्व प्राथमिक तह सञ्चालन अनुमति | ३००० | १५०० |
| प्राथमिक तह (कक्षा १-३) सञ्चालन अनुमति | ५००० | २५०० |
| प्राथमिक तह (कक्षा ४-५) सञ्चालन अनुमति | ६००० | ३००० |

| | | |
|---|---|---|
| आधारभूत तह (कक्षा ६-८) सञ्चालन अनुमति | ८००० | ४००० |
| माध्यामिक तह (कक्षा ९-१०) सञ्चालन अनुमति | १०००० | ५००० |
| माध्यामिक तह (कक्षा ११-१२) सञ्चालन अनुमति | १२००० | ६००० |

**व्यक्तिगत विवरण तथा प्रमाणित**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| जन्म/मृत्यु प्रमाणित | २०० |
| विवाह प्रमाणित | २०० |
| अविवाहित प्रमाणित | २०० |
| घरपाताल प्रमाणित | २०० |
| फरक नाम, थर वा जन्ममिति प्रमाणित | २०० |
| मञ्जुरीनामा प्रमाणित | २०० |
| संरक्षक सिफारिस (व्यक्तिगत) | २०० |
| संरक्षक सिफारिस (संस्थागत) | ५०० |
| हकदार तथा अंशियार प्रमाणित | १००० |
| वैदेशिक अध्ययनका लागि सम्पत्ति प्रमाणित | १००० |
| जीवित रहेको प्रमाणित | २०० |

**नाता सम्बन्धी**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| नाता प्रमाणित (नेपाली) | २०० |
| नाता प्रमाणित (अंग्रेजी) | ५०० |

| | |
|---|---|
| अन्य अंग्रेजी सिफारिस/प्रमाणित | ५०० |
| मृतकसँगको नाता प्रमाणित | ५०० |

**अन्य सिफारिस तथा सेवा**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | २०० |
| संस्था दर्ता सिफारिस | १००० |
| संस्था नवीकरण सिफारिस | ५०० |
| घरबाटो प्रमाणित | ५०० |
| चारकिल्ला प्रमाणित | ५०० |
| सार्वजनिक जग्गा दर्ता सिफारिस (प्रति रोपनी) | ५०० |
| जग्गा रेखाङ्कन सम्बन्धी रोहवर | १५०० |
| जग्गाधनी प्रमाणपुर्जा हराएको सिफारिस | १०० |
| जग्गाधनी प्रमाणपुर्जा कायम सिफारिस | ५०० |
| अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० |
| शिक्षक तथा कर्मचारीको तलब प्रमाणित | ५०० |
| मिलापत्र गराउने | १००० |
| लिखत प्रमाणित | २०० |
| अन्य सिफारिस | २०० |

**व्यक्तिगत घटना दर्ता**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| जन्म, मृत्यु, विवाह, बसाइँसराइ तथा सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र निःशुल्क, त्यसपछि) | २०० |

| | |
|---|---|
| व्यक्तिगत घटना दर्ता प्रतिलिपि | ५००। |

**पशु सेवा (भेटेरिनरी)**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| भेडा/बाख्रा (प्रति गोटा) | ५ |
| गाई/भैंसी (प्रति गोटा) | १० |
| कुखुरा/हाँस (प्रति गोटा) | ३ |
| घोडा/खच्चड (प्रति गोटा) | २० |
| कुकुर/बिरालो (प्रति गोटा) | २५ |
| सुँगुर/बङ्गुर (प्रति गोटा) | २० |
| बोका बन्ध्याकरण | २५ |
| साँढे बन्ध्याकरण | १०० |
| प्रयोगशाला सेवा दस्तुर | २५ |
| कृत्रिम गर्भाधान (प्रति बाख्रा) | १०० |

**भवन निर्माण सम्बन्धी**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| नक्सा स्वीकृति नलिई निर्माण भएको भवनको नक्सा नियमितीकरण (प्रति वर्गफुट) | ७ |
| भवन नक्सा नामसारी (प्रति वर्गफुट) | ५ |
| नयाँ भवन नक्सा स्वीकृति (प्रति वर्गफुट) | ५ |

**अन्य**

| **विवरण** | **शुल्क (रु.)** |
|---|---|
| वडा कार्यालयको सभा हल भाडा (प्रतिदिन) | ५००। |

| | |
|---|---|
| गाउँपालिकाको सभाहल भाडा (प्रतिदिन) | २५०० । |

**नोटः**

१. यस अनुसूचीमा उल्लेख नभएका सेवा, सिफारिस तथा दस्तुर गाउँ कार्यपालिकाले समयानुकूल निर्णय गरी निर्धारण गर्न सक्नेछ।

२. संघीय वा प्रदेश कानुनबमोजिम निःशुल्क हुने सेवामा दस्तुर लाग्ने छैन।

३. सेवा शुल्क तथा दस्तुर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन तथा गाउँपालिकाले स्वीकृत कार्यविधिबमोजिम हुनेछ।

## अनुसूची–१२

**(दफा १४ सँग सम्बन्धित)**

पर्यटन शुल्क

**नोटः**

१. यो शुल्क गाउँपालिकाले तोकेका पर्यटकीय, ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदा क्षेत्रमा प्रवेश गर्दा मात्र लाग्नेछ।

२. प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

शिवालय गाउँपालिकाको आर्थिक ऐन, २०८३

## अनुसूची—१३

## (दफा १५ सँग सम्बन्धित)

खानी तथा खनिज शुल्क

| क्र.सं. | विवरण | शुल्क/दस्तुरको दर | कैफियत |
|---|---|---|---|
| १. | कायनाइट (Kyanite) खानीको खोजतलास (Prospecting) सिफारिस | १०००० | |
| २. | कायनाइट खानी उत्खनन सिफारिस | १०००० | |
| ३. | कायनाइट निकासी शुल्क | ५०० | प्रति के.जी. |
| ४. | टुरमालिन (Tourmaline) खानीको खोजतलास सिफारिस | २०००० | |
| ५. | टुरमालिन खानी उत्खनन सिफारिस | २०००० | |
| ६. | टुरमालिन निकासी शुल्क | १०० | प्रति के.जी. |

| | | | |
|---|---|---|---|
| ७. | ढुङ्गा खानी उत्खनन स्वीकृति | १००० | |
| ८. | स्लेट ढुङ्गा निकासी | ३ | प्रति गोटा |
| ९. | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा रोडा बिक्री एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रदेश कानुनबमोजिम | |
| १०. | माटो बिक्री तथा घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रदेश कानुनबमोजिम | |
| ११. | क्रसर उद्योग सञ्चालन अनुमति | १५००० | |
| १२. | क्रसर उद्योग वार्षिक कर | रु. २०००० | |
| १३. | एक्वामरिन (Aquamarine) निकासी | ३००० | प्रति के.जी. |
| १४. | अन्य बहुमूल्य तथा अर्धबहुमूल्य पत्थरहरूको निकासी शुल्क | | |
| (क) | टुरमालिन | ५०० | प्रति के.जी. |

| | | | |
|---|---|---|---|
| (ख) | क्वार्ज (Quartz) | ५०० | प्रति के.जी. |
| (ग) | ग्रिन टुरमालिन | १०० | प्रति के.जी. |
| (घ) | फन्टा तथा अन्य समान प्रकृतिका पत्थर | २०० | प्रति के.जी. |

**नोटः**

१. खानी तथा खनिजको उत्खनन, संकलन, ढुवानी तथा निकासी प्रचलित **संघीय तथा कर्णाली प्रदेश कानुन** बमोजिम स्वीकृति प्राप्त भएपछि मात्र गर्न पाइनेछ।

२. प्रदेश कानुनमा फरक दर वा व्यवस्था भएमा सोही व्यवस्था लागू हुनेछ।

३. वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) आवश्यक पर्ने खानी तथा खनिजजन्य कार्यमा प्रचलित कानुनबमोजिम स्वीकृति प्राप्त गरेपछि मात्र उत्खनन गर्नुपर्नेछ।

४. स्वीकृत परिमाणभन्दा बढी उत्खनन वा निकासी गरेको पाइएमा प्रचलित कानुनबमोजिम शुल्क, जरिवाना तथा अन्य कारबाही गरिनेछ।

## अनुसूची–१३(क)

### (दफा १५ सँग सम्बन्धित)

फर्म, समूह, संस्था तथा उपभोक्ता समिति दर्ता तथा नवीकरण शुल्क

| क्र.सं. | विवरण | दर्ता शुल्क (रु.) | नवीकरण शुल्क (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि फर्म तथा कृषक समूह | १००० | ५०० | |
| २. | पशु फर्म तथा पशुपालक समूह | १००० | ५०० | |
| ३. | महिला समूह तथा आमा समूह | १००० | ५०० | |
| ४. | संघ, संस्था तथा क्लब | १००० | ५०० | |
| ५. | टोल विकास संस्था | १००० | ५०० | |
| ६. | सूची दर्ता (PAN भएका व्यवसायी) | ५०० | | |
| ७. | सूची दर्ता (VAT मा दर्ता भएका व्यवसायी) | १००० | | |
| ८. | उपभोक्ता समिति (अनुदानको आधारमा) | | | |
| | अनुदान रकम रु. ५ लाखसम्म | ५०० | | |
| | अनुदान रकम रु. ५ लाखभन्दा बढी रु. १५ लाखसम्म | १००० | | |
| | अनुदान रकम रु. १५ लाखभन्दा बढी | १५०० | | |

**कर्णाली प्रदेश औद्योगिक तथा व्यापार व्यवसाय ऐनबमोजिम**

| **विवरण** | **दर्ता शुल्क** | **नवीकरण शुल्क** |
|---|---|---|
| रु. ५ लाखसम्म पुँजी लगानी भएका | ५०० | ५० |
| रु. ५ लाखभन्दा बढी रु. १० लाखसम्म पुँजी लगानी भएका | १००० | १०० |

**अन्य दस्तुर**

| **विवरण** | **दस्तुर (रु.)** |
|---|---|
| प्रमाणपत्रको प्रतिलिपि | ५०० |
| नामसारी | ५०० |
| नाम परिवर्तन | ५०० |
| ठेगाना (स्थान) सारी | ५०० |
| कारोबार थपघट | ५०० |
| शाखा विस्तार | ५०० |
| फर्म दर्ता खारेजी | ५०० |

| **विवरण** | **शुल्क** |
|---|---|
| बाल क्लब दर्ता तथा नवीकरण | **निःशुल्क** |
| | |

**नवीकरण सम्बन्धी व्यवस्था**

१. म्याद समाप्त भएको **एक महिनाभित्र** नवीकरण गराएमा कुनै थप जरिवाना लाग्ने छैन।

२. म्याद समाप्त भएको **एक महिनापछि** नवीकरण गराएमा तोकिएको नवीकरण शुल्कमा **२५ प्रतिशत थप जरिवाना** लाग्नेछ।

३. यस अनुसूचीमा उल्लेख नभएका फर्म, संस्था वा समूहको दर्ता तथा नवीकरण सम्बन्धी शुल्क गाउँ कार्यपालिकाले प्रचलित कानुनबमोजिम निर्धारण गर्न सक्नेछ।

## अनुसूची–१४

### (दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

दण्ड तथा जरिवाना सम्बन्धी व्यवस्था

| क्र.सं. | कसुरको विवरण | पहिलो पटक (रु.) | दोस्रो पटक (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | बजार अनुगमनको क्रममा व्यवसाय दर्ता नगरी व्यवसाय सञ्चालन गरेको पाइएमा | १००० | ५००० | |
| २. | इजाजत वा दर्तामा उल्लेख भएको व्यवसायभन्दा फरक व्यवसाय सञ्चालन गरेको पाइएमा | १००० | ५००० | |
| ३. | म्याद नाघेका उपभोग्य वस्तु वा सामग्री बिक्री गरेको पाइएमा | ५००० | १५००० | सामग्री जफत गरि नष्ट गरिनेछ। |

| | | | | |
|---|---|---|---|---|
| ४. | अखाद्य, गुणस्तरहीन वा मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने सामग्री बिक्री गरेको पाइएमा | २५०० | ५० | प्रचलित कानुनबमोजिम थप कारबाही हुन सक्नेछ। |
| ५. | होटल, रेष्टुरेन्ट वा अन्य व्यवसायिक स्थल सरसफाइ मापदण्डविपरीत सञ्चालन भएको पाइएमा | सचेत गराइने | ५००० | |
| ६. | औषधि पसलमा म्याद नाघेको औषधि बिक्री वा भण्डारण गरेको पाइएमा | ५००० | २५००० | प्रचलित औषधि सम्बन्धी कानुनबमोजिम थप कारबाही हुनेछ। |
| ७. | अनुमति वा स्वीकृतिबिना खानी सञ्चालन गरेको पाइएमा | ५००० | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| ८. | अनुमति वा स्वीकृतिबिना नदी, खोला वा खानी क्षेत्रमा ब्याकहो लोडर, एक्स्काभेटर वा यस्तै हेभी उपकरण प्रयोग गरेको पाइएमा | ३००० | ५००० | |
| ९. | अनुमति वा स्वीकृतिबिना ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य नदीजन्य वा खानीजन्य पदार्थ उत्खनन, संकलन वा ढुवानी गरेको पाइएमा | ट्र्याक्टरः रु. ३००० टिपरः रु. ५००० | ट्र्याक्टरः रु. ५००० टिपरः रु. १०००० | प्रचलित कानुनबमोजिम सामग्री तथा सवारी साधन नियन्त्रणमा लिन सकिनेछ। |

**नोटः**

१. यस अनुसूचीमा उल्लेख भएका जरिवानाका अतिरिक्त प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुनबमोजिम थप कारबाही गर्न बाधा पर्ने छैन।

२. एउटै कसुर पटक—पटक दोहोरिएमा गाउँपालिकाले सम्बन्धित व्यवसायको इजाजत निलम्बन वा खारेजीका लागि आवश्यक प्रक्रिया अघि बढाउन सक्नेछ।

३. वातावरणीय, सार्वजनिक स्वास्थ्य तथा उपभोक्ता हितविपरीतका कार्यमा जरिवानासँगै सम्बन्धित सामग्री जफत, नष्ट वा व्यवसाय बन्द गर्न सकिनेछ।

आज्ञाले

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत